*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. IV, January, 2023
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli
https://www.nepjol.info/index.php/sij

# राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण

**पुष्पादेवी भण्डारी**

**Article History**: ***Received:*** 30 June 2022; ***Reviewed:*** 30 November 2022; ***Accepted:*** 10 December 2022

**सार**

*प्रस्तुत लेख 'राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण' शीर्षकमा केन्द्रित छ । यस लेखमा समाजभाषावैज्ञानिक पद्धतिमा आधारित भएर राजवंशीहरूको भाषिक जीवन्तता, बहुभाषिक स्थिति, भाषिक प्रयोग र अभिवृत्तिको अवस्था के कस्तो रहेको छ ? भनी खोजी गर्ने प्रयास गरिएको छ । यसै क्रममा मिश्रित (गुणात्मक तथा परिमाणात्मक) अनुसन्धान ढाँचा अवलम्बन गरी राजवंशीभाषी वक्ता, उक्त भाषाका अध्येता, भाषा संस्कृतिको संरक्षण र संवर्द्धनमा सम्लग्न अभियान्ताहरूसँग प्रत्यक्ष भेटघाट गरी प्राथमिक र द्वितीयक दुवै स्रोतबाट तथ्याङ्कहरू सङ्कलन गरिएको छ । प्राथमिक तथ्याङ्क अन्तर्गत निर्मित प्रश्नावली, अन्तर्वार्ता र सम्बन्धित पक्षहरूसँग प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागी भएर सङ्कलन गरिएको छ भने द्वितीयक स्रोत अन्तर्गत सम्बन्धित निकाय, तथ्याङ्क विभाग, विभिन्न पत्रपत्रिका, लेख रचनाहरू आदिबाट लिइएको छ । सङ्कलित तथ्याङ्कबाट विभिन्न थिम एवम् आशय निर्माण गरी प्राप्त नतिजालाई गुणात्मक र परिमाणात्क रूपमा मिश्रित ढाँचामा प्रस्तुत गरिएको छ । यो लेख भाषाका अध्येताहरूले राजवंशी भाषाका भाषिक जीवन्तता, भाषाप्रयोगको स्थिति र भाषिक अभिवृत्तिका बारेमा जानकारी लिन,आदिवासी तथा जनजातिहरूका भाषिक अवस्थाका बारेमा अध्ययन गरी भाषाका संरक्षण र संवर्द्धनका लागि योजना निर्माण गर्न, अदिवासी समुदायमा मातृभाषा शिक्षणका लागि पाठ्यक्रम निर्माण र पाठ्यपुस्तक लेखनमा सहयोग पुऱ्याउन, राज्यलाई मातृभाषाहरूका संरक्षण, संवर्द्धन र विकासका लागि भाषिक नीति र योजना निर्माण गर्न र यस विषयमा चासो राखी अध्ययन अनुसन्धान गर्न चाहने अनुसन्धानकर्ताहरूलाई समेत प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनको लागि उपयोगी हुने छ ।*

***मुख्य शब्दावली :*** राजवंशी भाषा, भाषिक अभिवृत्ति, भाषिक समुदाय, समाजभाषावैज्ञानिक सिद्धान्त, आदिवासी, जाति, जनजाति ।

## परिचय

नेपाल भौगोलिक आकारमा सानो भए पनि यसभित्र परापूर्वकालदेखिनै यहाँ विभिन्न जाति जनजातिहरूमध्ये आफूलाई अदिवासी भन्न रुचाउने राजवंशीहरू पनि बसोबास गर्दै आएका छन् । आदिवासी जानजाति भनेका परापूर्वकालदेखि नै बसोबास गर्दै आएका आफ्नै मौलिक संस्कार, सांस्कृतिक भाषा, साहित्य र भेषभूषा भएका सामाजिक विकासका दृष्टिले अन्य जाति भन्दा पछि परेका र नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको जाति वा जनजाति समुदाय हुन् ।

कूल जनसङ्ख्याको अनुपातमा हेर्दा नेपालमा बोलिने भाषाको सङ्ख्या बढी नै मान्न सकिन्छ (जनगणना २०६८) । भाषाको सङ्ख्या बढी छ भन्नु नेपालमा धेरै भाषा बोलिन्छन् भन्नु हो । यसले नेपाल

*Copyright 2023 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

भौगोलिक, धार्मिक एवम् सांस्कृतिक दृष्टिले मात्र नभएर भाषिक र जातिभाषिक दृष्टिले पनि विविधता रहेको पुष्टि हुन्छ । नेपालमा बोलिने धेरै भाषाहरू जातिका नामबाट रहेका छन् ।

१,४७,१८१ वर्ग कि.मि. क्षेत्रफल भएको देश नेपालमा पाँच भाषा परिवारका १२७ भाषा र भाषा आयोगको सिफारिस अनुसार १३० भाषा भन्दा बढी भाषाहरू बोलिन्छन् भने २०७८ को गणनाको तथ्याङ्क आउन बाँकी नै छ । विश्वमा यतिसानो क्षेत्रफलमा यति धेरै भाषा बोलिने देश नेपाल मात्र हो । यस अर्थमा नेपालमा बोलिने भाषाहरू हाम्रा मौलिक पहिचान र विशेषता हुन् । नेपालमा बोलिने प्रमुख भाषामा नेपाली, मैथिली, भोजपुरी, राजवंशी, थारू, तामाङ, नेवार, मगर, अवधी, बान्तावा, गुरुङ, लिम्बू लगायतका थुप्रै भाषाहरू रहेका छन् ।

भाषिक परिवारका दृष्टिले नेपालमा भारोपेली, चिनियाँ-तिब्बती/भोटवर्मेली, द्रविड, आग्नेली र एकल भाषापरिवारको कुसुन्डा भाषा गरी पाँच परिवारका भाषाहरू बोल्ने गरेको पाइन्छ (भण्डारी, २०७१, सम्पदा पृ. ६०) । यी पाँच भाषिक परिवार मध्ये सबभन्दा ठूलो भाषापरिवार भने भारोपेली भाषा परिवार नै हो । यस परिवारका भाषाभाषीहरूको मूल क्षेत्र भने किर्गिजको उत्तरी मैदानदेखि युराल पर्वतमालाको दक्षिणपूर्व क्षेत्र मानिन्छ । नेपालको कूल जनसङ्ख्याको अधिकतम सङ्ख्या यसै परिवारका वक्ताहरू रहेको पाइन्छ । भारोपेली परिवारका भाषा बोल्नेहरूको सङ्ख्या ६९.१ प्रतिशत रहेको छ । यस परिवार अन्तर्गत २० भन्दा बढी भाषाहरू बोलिन्छन् । जसअन्तर्गत राजवंशी भाषा पनि पर्दछ; जुन वक्ता सङ्ख्याको आधारमा भारोपेली भाषापरिवारको आठौँ स्थानमा पर्न जान्छ (न्यौपाने र अन्य, २०६७ ,पृ. ३२५) । वि.सं. २०५८ को जनगणना अनुसार राजवंशी भाषा १४औँ स्थानमा रहेको थियो । यसको कूल जनसङ्ख्या १,२९,८२९ रहेको थियो भने ६५,०५३ पुरुष र ६४,७७६ महिला रहेका थिए । कुल जनसङ्ख्याको ०.५७ प्रतिशत वक्ता यस भाषाका रहेका थिए (जनगणना २०५८) । २०६८ को तथ्याङ्क अनुसार यस भाषाको कूल जनसङ्ख्या १,१५,२४२ रहेको छ भने ५६,४११ पुरुष र ५८,८३१ महिला रहेका छन् (सिविएस्, सन् २०१४) ।

नेपालको सुदूर पूर्वको तराई क्षेत्रमा राजवंशी जातिको बसोबास सदियौँ पुरानो हो । यस क्षेत्रमा बसोबास गर्ने अन्य धेरै आदिवासी जनजाति समुदाय मध्येकै राजवंशी जाति एक प्रमुख जाति हो (राजवंशी, २०७० पृ. २८३)। नेपालको पूर्वीतराईको विशेष गरेर झापा र मोरङ गरी दुई जिल्लामा बसोबास गरेका राजवंशीलाई आदिवासी भनिन्छ (सङ्ग्रौला, अप्रकाशित) । यी जातिको पुरानो बसोबासको थलो भारतको बंगाल, आसाम, मेघालय, त्रिपुरा, नागाल्याण्ड, मणिपुर, विहारको कटिहार, पूर्णिमा र किशनगञ्ज क्षेत्रमा रहेको पाइन्छ । राजवंशीहरू कहिले र कहाँबाट आए भन्ने कुरामा विभिन्न विद्वान\हरूको फरक फरक मतमतान्तरहरू पाइन्छन्। विक्रम संवत् सुरु हुनु अगावै एक हजार वर्ष अगाडि पूर्वतिरबाट 'बोडो' जातिका मानिस भारत प्रवेश गरेका थिए । तिनीहरू ब्रह्मापुत्र नदीको किनारमा बसोबास गर्न थाले । कालान्तरमा विस्तारै विहार वा नेपालको भू-भाग झापा, मोरङ र सुनसरी जिल्लामा आई बसोबास गर्न थाले (राजवंशी, २०७०) । राजवंशीहरू नेपालको मेची र कोशी नदीको बिचमा फैलिएर बसेका छन् । भारततिर पनि यिनीहरू प्रशस्त मात्रामा पाइन्छन् (शर्मा, २०५२ पृ. ८) ।

राजवंशी कोचविहार राज्यका राजपरिवारका सन्तान हुन् भन्ने कुरा पूर्वलेखहरूबाट अध्ययन गर्न सकिन्छ । नेपालको राजवंशी जातिका उत्पत्तिका सम्बन्धमा वस्तुगत ऐतिहासिक तथ्यहरू पाउन सकिए पनि यिनीहरूको आफ्नै लोक कथाले के दर्शाउँछ भने राजवंशीहरूको सामाजिक उत्थान संस्कृतीकरण प्रक्रियाबाट भएको हो । संस्कृतीकरण भन्नाले यो एउटा प्रक्रिया हो जसद्वारा कुनै पनि तल्लो जाति जानजाति तथा अन्य समुदायहरूले हिन्दू उच्च जातीय जीवनशैलीको दिशामा आफ्नो जीवनशैली, विचार, संस्कार, परम्परा परिवर्तन गर्दछन् (राजवंशी, २०७० पृ. २८४)। हड्सन (१८४९) का अनुसार हाजोले कोच राज्यको स्थापना गरे । कोचहरू तमुलियन वंशी थिए र आर्यनहरू आउनु अघि बसोबास गरेका थिए । हाजोका नाति विश्वसिंहले हिन्दूधर्म ग्रहण गरी 'कोच' भन्ने जाति त्यागी आफूहरू राजवंशी

भएको घोषणा गरे । कोचका रूपमा चिनिएका राजवंशीहरू सत्रौँ/अठारौँ शताब्दीबाट दक्षिणको विहार र उत्तरकोमोरङदेखि आसामसम्म फैलिएको कोच साम्राज्य भारतमा अङग्रेजहरूले र झापा तथा मोरङलाई नेपाल अधिराज्यले गाभेपछि कोचहरूको राजनीतिक इतिहास अन्त्य भयो (विष्ट, २०५५ पृ. ९५) ।

यसरी लिखित तथ्यहरूको आधारमा पुष्टि हुन्छ कि संवत् सुरु हुनुभन्दा एक हजार वर्ष अगाडि भारत प्रवेश गरेका प्रचीन 'बोडो' जातिका मानिस नै संस्कृतीकरणको प्रक्रियाबाट 'कोछ' हुँदै अहिलेको हिन्दूकृत राजवंशी कहलिएका हुन् र नेपालका सन्दर्भमा यस जातिको बसोबास थलो झापा, मोरङ र सुनसरी जिल्लामा प्राचीनकालदेखि रहिआएको छ ।

राजवंशीहरूले बोल्ने भाषालाई राजवंशी भाषा भनिन्छ । राजवंशी र नरनारायण (आफूलाई र ाजवंशी भनी स्थापित गराउने राजा) को समय ई.सं. १५०० हो । अतः राजवंशी भाषा ई.सं. १५०० देखि प्रारम्भ भएको देखिन्छ । एकथरी भाषाशास्त्रीहरूका अनुसार राजवंशी भाषा भारोपेली भाषा परिवारभित्र पर्दछ र यो संस्कृतबाट आएको वा उद्‌भव भएको भाषा हो भने अर्काथरी भाषाशास्त्रीहरू भन्छन् राजवंशी भाषा भोट-बर्मेली परिवारभित्र पर्दछ (भाषा आयोग, २०७५) । तर विभिन्न विद्वान\हरूले आ-आफ्नै धारणाहरू अभिव्यक्त गरे तापनि यो भाषा भारोपेली भाषापरिवार अन्तर्गत नै पर्छ भन्ने प्रशस्त आधारहरू पाउन सकिन्छ ।

प्राकृतिक पूजक कोचहरू मंगोलियन वंशका मानिस हुन् । गुवालपारा, कोचविहार र जलपाइगुरीमा राजवंशी भनेर परिचय दिने मानिसहरू कोच जातिका हुन् । कोचहरूको आफ्नो भाषा पनि थियो तर कालक्रममा लुप्त भएर गयो । विस्तारै उनीहरूले आफूलाई राजवंशीमा परिणत गर्दै लगे र आफ्नो भाषा भारोपेली शाखा भाषाको रूपमा राजवंशी भाषा भनी प्रयोग व्यवहार गर्न थाले (भाषा आयोग, २०७५) ।

नेपालमा बोलिने भाषाहरूको अध्ययन गर्दा एकातिर पारिवारिक वंश पहिचानको र अर्कातर्फ आधिकारिक रूपमा भाषा भाषिकाहरूको सही तथ्याङ्क प्राप्तिको समस्या देखिन्छ । हुनत विभिन्न विदेशी तथा स्वदेशी विद्वानहरूले नेपालका विविध भाषाभाषीका बारेमा खोज अनुसन्धान गरे तापनि तथ्याङ्कमा पूर्ण प्रामाणिक आधारहरू भेटिँदैनन् (राई, २०७७ पृ. ५ ) । कतै धेरै भाषाहरू छुट्न गएका छन् भने कतै एउटै भाषाका भाषिकाहरू दोहोरिन पुगेका छन् । राष्ट्रको आधिकारिक स्रोत मानिने जनगणनामा पनि फरक फरक भाषा र भाषिक तथ्याङ्कहरूपाइन्छन् । वि.सं. २०५८ को जनगणनाले नेपालमा बोलिने भाषाको कूल सङ्ख्या ९२ देखाएकोमा २०६८ को गणनाले १२३ भाषाहरू प्रस्तुत गर्नुले पनि यो तथ्य प्रमाणित हुन्छ । नेपालका भाषाहरूको समाजभाषावैज्ञानिक अध्ययन परम्परा पनि प्रारम्भिक अवस्थामा नै रहेको पाइन्छ । विभिन्न विदेशी विद्वान\हरूले अङ्ग्रेजी भाषाको माध्यमद्वारा बान्तावा, वायुङ, दोहोरुङ, याम्फू, शेर्पा र डगौरा थारू भाषाहरूको अध्ययन गरे तापनि राजवंशी भाषाको बारेमा खासै अध्ययन गरेको पाइँदैन । यसरी फाट्ट फुट्ट रूपमा अध्ययन गरिएका कृतिहरू शैक्षणिक प्रयोजनसँग जोड्न सकेको पाइँदैन । समाजभाषाविज्ञानको अध्ययनले बालबालिकाको सामाजिक, सांस्कृतिक एवम् भाषिक पृष्ठभूमिको जानकारी गराएर भाषा शिक्षणमा सहयोग पुऱ्याउँछ तर पनि यी अध्ययनमा हालसम्म व्यावहारिक रूपमा भाषा शिक्षणका लागि भाषाशिक्षणसम्बन्धी आधारभूत पक्षहरू उल्लेख भएको पाइँदैन ।

वर्तमान समयमा सबै भाषाभाषीहरूको विकास तथा खोज अनुसन्धानमा चासो बढ्नु सकारात्मक पक्ष हो । यस सन्दर्भमा राजवंशी भाषाको पनि समाजभाषावैज्ञानिक अध्ययनका आधारमा विविध क्षेत्रमा अध्ययन अनुसन्धान हुन सकेको छैन जुन अध्ययन गरिनु अपरिहार्य छ । कतिपय विदेशी तथा स्वदेशी विद्वान\ तथा नेपाली भाषाका शोधार्थीहरूले राजवंशी भाषाका बारेमा अध्ययन अनुसन्धान गरे तापनि नेपाली भाषाका विशेषताका आधारमा तयार पारिएका यस्ता कृतिहरू भाषा र संस्कृतिको परिचयात्मक विवरणमा मात्र सीमित छन् ।

यसरी हालसम्म राजवंशी भाषाको सामजभाषावैज्ञानिक पद्धतिका आधारमा विस्तृत रूपमा अध्ययन भएको पाइँदैन । यस भाषाको ऐतिहासिक तथा सामाजिक स्थिति के कस्तो छ ? भाषाको प्रायोगिक पक्ष कस्तो छ ? भाषा र भाषिकाको अवस्था के छ ? भन्ने कुराको वास्तविक तथ्याङ्क प्राप्त गर्नु राजवंशीभाषी समुदायका लागि एउटा चुनौतीको विषय नै बनेको छ। तसर्थलेखमा निम्न विषयहरूलाई समस्याको रूपमा लिइएको छ :

(क) राजवंशीहरूको भाषिक जीवन्तताको स्थिति के कस्तो रहेको छ ?

(ख) राजवंशीहरूको भाषिक अभिवृत्ति कस्तो रहेको छ ?

प्रस्तुत लेखको मुख्य उद्देश्य समाजभाषावैज्ञानिक सिद्धान्तका आधारमा राजवंशी भाषाको भाषिक जीवन्तता, वक्ताहरूको भाषिक प्रयोगको स्थिति र अभिवृत्तिका वस्तुगत अवस्था पत्ता लगाउनु रहेको छ । यस अनुसन्धानका विशिष्ट उद्देश्यहरू निम्न छन् :

(क) राजवंशीहरूको भाषिक जीवन्तताको स्थिति विश्लेषण गर्नु,

(ख) राजवंशीहरूको भाषिक अभिवृत्तिको विश्लेषण गर्नु ।

## अध्ययन विधि

### अध्ययनको ढाँचा

प्रस्तुत लेख मिश्रित (गुणात्मक तथा परिमाणात्मक) अनुसन्धान ढाँचामा तयार पारिएको छ । राजवंशी भाषी वक्ता, राजवंशी भाषाका अध्येता, भाषा-संस्कृतिको संरक्षण र संवर्द्धनमा संलग्न अभियान्ताहरूसँग प्रत्यक्ष भेटघाट तथा कुराकानी, छलफल र अन्तर्वार्ता लिइएको छ। यसले तथ्याङ्कको विश्वसनीयता, वैधता र प्रामाणिकता कायम गर्न सहयोग पुऱ्याएको छ। गुणात्मक प्रकृतिका तथ्याङ्कहरूलाई विश्लेषणात्मक र परिमाणात्मक तथ्याङ्कहरूलाई विवरणात्मक ढाँचामा प्रस्तुत गरिएको छ ।

### सैद्धान्तिक अवधारणा

भाषाको समाजपरक अध्ययनलाई सामाजिक भाषाविज्ञान भनिन्छ। हड्सन (१९८०) का अनुसार यो भाषाको समाजसँग सम्बद्ध अध्ययन हो । फिसमन (सन् १९७२) ले भाषाको समाज विज्ञान भन्न रुचाएका थिए । तर यस क्षेत्रमा भएका पछिल्ला अध्ययनहरूले यसलाई समाजको भाषापरक अभ्ययन भन्दा भाषाको समाजपरक अध्ययनका रूपमा स्थापित गरेको पाइन्छ (अधिकारी, २०७४, पृ. ३०) ।

भाषा र समाजबिचको सम्बन्धको अध्ययन गर्ने शास्त्रलाई सामाजिक भाषाविज्ञान भनिन्छ । भाषाशास्त्रीहरूले भाषा र समाजको बिचको सम्बन्धको अध्ययन गर्दछन् । भाषा सामाजिक सम्प्रेषण वा व्यवहारको महत्त्वपूर्ण र प्रभावकारी अध्ययन भएकाले पनि समाजमा यसको के कस्ता सन्दर्भमा कसरी प्रयोग हुन्छ भन्ने कुराको अध्ययन जरुरी हुन्छ। व्यक्तिले विभिन्न सामाजिक सन्दर्भमा भाषा प्रयोग गर्ने तौरतरिका हासिल गर्दछ । हामी विभिन्न सामाजिक सन्दर्भरूमा फरक फरक तरिकाले बोल्दछौं जसको कारण एक समुदायमा उनीहरूको भाषामार्फत तिनको सामाजिक स्तर पहिचान हुन्छ ।

सामाजिक भाषाविज्ञानले भाषाको प्रयोग पक्षमा जोड दिने हुँदा यसलाई प्रायोगिक भाषाविज्ञानको एयटा शाखा हो भन्न सकिन्छ। सन् १९३१ मा प्रकाशित एल.लकहार्टको कृति 'वर्ड इकोनोमी : एन एस्से इन अप्लाइड लिङ्ग्विस्टिक्स' मा सर्वप्रथम Applid Linguistics शब्दको प्रयोग भएको थियो । यसले स्वतन्त्र विषयको रूपमा सन् १९४६ मा अमेरिकाको मिसिगन विश्वविद्यालयबाट मान्यता प्राप्त गऱ्यो । यही प्रायोगिक भाषा विज्ञानको अध्ययन र विकासका क्रममा सामाजिक भाषाविज्ञानको प्रयोग भएको हो (भण्डारी र पौड्याल, २०६७, पृ. २ दो. सं) ।

अङ्ग्रेजी शब्द Sociolinguistics को नेपाली रुपान्तरण नै सामाजिक भाषाविज्ञान हो । Sociolinguistics शब्दको प्रयोग सर्वप्रथम सन् १९५२ मा हावेर सी. क्युरीबाट भएको हो (भण्डारी र पौड्याल, २०६७, पृ. २ दो. सं)। फलस्वरूप सन् १९६०-७० को दशकतिर भाषाको समाजपरक अध्ययनले महत्त्व पायो । फर्थले आफ्नो सिद्धान्त 'स्थितिको प्रसङ्ग' (Context of situation)मा सामाजिक

विज्ञानमा जस्तै मानिसको भाषिक व्यवहारका क्रियाकलापहरूलाई समाजमा आधारित भएर हेर्नुपर्छ भन्दै भाषाको सामाजिक पक्षलाई महत्त्व दिएका छन् । फर्थको यो दृष्टिकोणसँग ह्यालिडे, मिचेल जस्ता विद्वान पनि सहमत हुन पुगेका छन् । यसरी सामाजिक भाषाविज्ञानको विकासको इतिहास त्यति लामो छैन तर पनि विगततीनदशकमा नै यसले भाषा विज्ञानको विकसित शाखाका रूपमा आफ्ना स्पष्ट पहिचान बनाइसकेको छ ।

### अध्ययनको जनसङ्ख्या र नमुना छनोट

अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण राजवंशी भाषीवक्ताहरू नै जनसङ्ख्याको रूपमा रहे पनि ५० जना राजवंशी भाषी वक्ताहरूलाई उद्देश्यपूर्ण नमुनाका आधारमा नमुना छनोट गरिएको छ । झापा र मोरङ जिल्लाका विविध न.पा. र गा.पा. मा रहेको कूल जनसङ्ख्या मध्ये हाल झापा जिल्लाको एक वटा नगरपालिकाको चार वटा वडा र गौरिगञ्ज गा.पा. को एउटा वडामा रहेका कूल जनसङ्ख्या मध्ये ५० जनालाई मात्र समावेश गरिएको छ ।

### तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा तथ्याङ्क गुणात्मक र परिमाणात्मक दुवै प्रयोगगरिएको छ भने तथ्याङ्कको स्रोत प्राथमिक र द्वितीयक रहेका छन् । प्राथमिक तथ्याङ्क निर्मित प्रश्नावली, अन्तर्वार्ता र सम्बन्धित पक्षहरूसँग प्रत्यक्ष रूपमा सहभागी भएर लिइएको छ । त्यस्तै द्वितीयक स्रोतका रूपमा समेटिएका तथ्याङ्क सम्बन्धित निकाय, तथ्याङ्क विभाग, विभिन्न पत्रपत्रिका, लेख रचनाहरू, पुस्तक तथा अन्य जानकार व्यक्तिहरूका कथनबाट लिइएको छ ।

### तथ्याङक सङ्कलन विधि

अध्ययन अनुसन्धानलाई चुस्त, दुरुस्त र मूर्त रूप दिन विभिन्न तथ्याङ्क सङ्लन विधिहरू अपनाइएको छ । यो तथ्याङ्कले अध्ययनको अवधिसम्म अन्तर्वार्ता, प्रश्नावली, आपसी छलफल र कुराकानीद्वारा तथ्यहरू सङ्कलन गर्न सहयोग गरेको छ । यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्ने क्रममा यस जातिसँग सम्बन्धित रचनाहरूको पनि अवश्यकता अनुसार समावेश गरिएको छ ।

### तथ्याङ्क विश्लेषण प्रक्रिया

अनुसन्धानका क्रममा सर्वप्रथम विभिन्न प्रविधिहरूबाट तथ्याङ्क सङ्कलन गरिन्छ । यसरी प्राप्त भएका तथ्यहरूलाई विश्लेषण गर्नु पर्ने हुन्छ । तथ्याङ\कहरूको वर्गीकरण, तालिकीकरण र व्याख्यात्मक विधिबाट गरिएको छ । यस अध्ययनमा जे जति तथ्यहरू, जानकारीहरू प्राप्त भएका छन् ती सबैलाई कोडिङ र रिचेक गरी सटिक तथ्यहरूलाई वर्गीकरण गरी आवश्यकाता अनुसार तालिकीकरण र त्यसलाई व्याख्या विश्लेषण गर्ने कार्य भएको छ ।

## नतिजा र छलफल

प्रस्तुत 'राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण' शीर्षकमा समाजभाषावैज्ञानिक पद्धतिमा केन्द्रित भएर अनुसन्धान गरिएको छ । अन्तर्वाता, प्रश्नावली र छलफलका माध्यमबाट ५० जना राजवंशी मातृभाषी वक्ताले दिएका विविध प्रश्नका उत्तरलाई आधार मानेर तिनको विश्लेषण गरी नतिजा र छलफलका माध्यमबाट निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । अध्ययन गर्ने क्रममा भाषिक जीवन्तता, र अभिवृत्तिको अवस्थाको खोजी गरिएको छ । अन्तर्वार्ता वा प्रश्नावलीमा सोधिएका मुख्य मुद्दा वा प्रश्नलाई थिम बनाइ तिनको क्रमशः व्याख्या विश्लेषण गरी निम्नानुसार प्रस्तुत गरिएको छ :

### (१) राजवंशी भाषी समुदायको भाषिक जीवन्तता

नेपालमा बोलिने भाषाहरूमा सबैको अवस्था एकैनासको छैन । विविध कारणवस नेपालका धेरै भाषाहरू लोपोन्मुख अवस्थातिर गइरहेका छन् । नेपालमा यसरी भाषाहरू लोपोन्मुख अवस्थामा पुग्नु भनेको पक्कै पनि राम्रो संकेत भने होइन किनभने भाषा लोपहुनु भनेको त्यो समुदायको संकार, संस्कृति र पहिचान समेत संकटमा पर्नु हो । खास गरेर नेपालमा शाह वंशीय राज्य व्यवस्थादेखि नै एक भाषिक

नीतिको सुरुवात भएको पाइन्छ। राणाकालमा आइपुग्दा अझ वैधानिकतवरले अरू भाषाहरूमाथि पूर्णतः प्रतिबन्ध लगाइयो । यसको प्रभाव आदिवासी जनजातिका मातृभाषाहरूमा पर्‍यो । 'एक देश एक भाषा एक भेष' को नीतिले लामो समयसम्म राज्यको कुनै पनि तह, क्षेत्र र निकायमा प्रयोग हुने अवसर नपाएपछि मातृभाषाहरू लोपोन्मुखताको अवस्थामा पुगेका छन्। जसले गर्दा मातृभाषाहरूको जीवन्ततामा सङ्कट देखा परिरहेको छ (राई, २०७६, पृ. १८५) ।

भाषिक जीवन्तताले समुदायमा कुनै पनि भाषाको गतिमानतालाई जनाउँदछ। यसले समुदायमा भाषा प्रयोगको निरन्तरता वा व्यापकताको अवस्थालाई सूचित गर्दछ । यो भाषाको जीवित अवस्थाको सङ्केत पनि हो । यसले भाषाको विगत अवस्थाको समीक्षण गर्दै भावी समयमा प्रयोग सम्भाव्यतालाई निर्धारण गर्दछ (राई, २०७६, पृ. २७) । जीवन्त भाषाहरू समाजमा भाषा प्रयोगको स्थिति, आफ्नो मातृभाषा प्रतिको निष्ठा, रूचि एवम् मनोवृत्ति कस्तो छ ? भन्ने कुरामा निर्भर हुनुका साथै औपचारिक एवम् अनौपचारिक सन्दर्भमा समुदाय, कार्यालय, सङ्घ/संस्था, घरपरिवार तथा विभिन्न परिवेशहरूमा प्रयोग गरिन्छ।

कुनै पनि भाषाको आयु त्यसका मातृभाषी बालबालिकासँग गाँसिएको हुन्छ। कुनै भाषा बोल्ने बालबालिकाको सङ्ख्या उल्लेख्य रूपमा विद्यमान छ भने सो भाषाको आयु लामो हुन्छ तर सङ्ख्या न्यून वा घट्दो क्रममा छ भने त्यो भाषा मृत्युको मुखतिर धकेलिँदै छ भन्ने थाहा हुन्छ (गिरी, २०६९, पृ.१९) । भाषिक जीवन्तता वा लोपोन्मुखता सम्बन्धी अध्ययन विश्लेषण गर्नका लागि विभिन्न आधारहरू प्रस्ताव गरिएका छन्। फिसम्यान (सन् १९९१) द्वारा कुनैपनि मातृभाषाको जीवन्तता वा लोपोन्मुखतामा निम्नानुसार को तह र अवस्थाहरू हुने उल्लेख गरिएको छ :

**तालिका १.** *भाषिक जीवन्तता र लोपोन्मुखतामा हुने तह र अवस्थाहरू*

| *भाषिक अवस्था* | *वर्णन* |
|---|---|
| पहिलो | शिक्षा, आमसञ्चार र सरकारी कामकाजमा भाषाको प्रयोग |
| दोस्रो | स्थानीय तह, क्षेत्रीय सञ्चार र स्थानीय सरकारी कामकाजमा भाषाको प्रयोग |
| तेस्रो | स्थानीय र क्षेत्रीय स्तरमा भाषाको प्रयोग |
| चैथो | मातृभाषाको माध्यमबाट साक्षरता कार्यक्रम सञ्चालन |
| पाँचौ | सबै पुस्ताका वक्ताहरूले बोल्ने र समुदायमा लिखित रूपमा पनि प्रयोग हुने |
| छैटौं | समुदायमा आमाबुबाहरूले बोल्ने र बच्चाहरूले पहिलो भाषाको रूपमा सिक्ने |
| सातौं | समुदायमा आमाबुबाहरूले बोल्न सक्ने तर आफ्ना बच्चाहरूलाई बोल्न नसिकाउने |
| आठौं | समुदायमा वृद्धापुस्ता (७० वर्षभन्दा माथि) का मानिसहरूले मात्र बोल्ने |

स्रोत : राई, २०७६, पृ २९ ।

यसमा सातौं र आठौं तहलाई भाषाको जीवन्त अवस्था मान्न सकिँदैन। लोपोन्मुख र प्रायः मृत अवस्था मान्न सकिन्छ । यसरी कुनै पनि भाषा जीवन्त हुनका लागि शिक्षा, सूचना तथा सञ्चार, सरकारी कामकाज आदि क्षेत्रहरूमा त्यसको व्यापक प्रयोग हुनुपर्छ र लिखित एवम् मौखिक रूपमा समुदायका सबै पुस्तामा वक्ताहरूले निरन्तर भाषिक व्यवहार सम्पादन गर्नुपछ नत्र भाषा जीवन्त रहन सक्दैन ।

## १.१ भाषिक जीवन्तता मूल्याङ्कनका आधारहरू

### (क) अन्तरपुस्तान्तरण

एक पुस्तादेखि अर्को पुस्तामा भाषा स्तानान्तरण हुने प्रक्रिया नै अन्तरपुस्तान्तरण हो। यदि एक पुस्ताबाट अर्को पुस्तामा भाषा स्तानान्तरण भएन भने मातृभाषा जीवित रहन सक्दैन। भाषिक जीवन्तताका लागि पछिल्लो पुस्ताका बालबालिकाहरूले आफ्नो मातृभाषा बोल्नु अत्यन्त जरुरी छ। आधुनिक शिक्षाका नाममा आजका बालबालिकाहरूलाई अङ्ग्रेजी बोर्डिङ स्कुलहरूमा पढाउनका लागि अभिभावकहरू लालाहित देखिन्छन्। जसको लागि उनीहरू सहरतिर बसोबास गर्ने गरेको देखिन्छ। त्यसैले बालबालिकाहरूले

आफ्नो मातृभाषा बोल्ने अवसर नै पाउँदैनन् । त्यसैगरी युवा पुस्ता पनि अध्ययन, व्यापार-व्यवसाय र रोजगारी आदि कारणले आफ्नो घरपरिवार र भाषिक समुदायबाट बाहिर बस्नुपर्ने अवस्था देखिन्छ। जसले गर्दा आफ्नो मातृभाषाको प्रयोगमा निरन्तरता टुट्दै जान्छ र भाषिक जीवन्ततालाई परोक्ष रूपमा प्रभाव पार्दछ ।

यस अध्ययनको सिलसिलामा यस गाउँका आमाबुबाहरूले आफ्नो छोराछारीसँग कुराकानी गर्दा धेरैजसो कुन भाषा बोल्नुहुन्छ ? भनी सोधिएको प्रश्नको उत्तरमा उत्तरदाताहरूको फरक फरक अभिमत आएको छ। यसले आफ्नो मातृभाषा अन्तरपुस्तान्तरणको स्थितिलाई जनाउँछ। यसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २. *राजवंशी समुदायमा मातृभाषा अन्तरपुस्तान्तरणको स्थिति*

| नमुना सङ्ख्या | नेपाली | | राजवंशी | | अन्य | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२% | ४१ | ८२% | – | – |
| जम्मा | ६ | १२% | ४१ | ८२% | – | – |

स्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिकामा गाउँका आमाबुबाहरूले आफ्नो छोराछोरीसँग कुरा गर्दा ८२ प्रतिशतले राजवंशी भाषा र १२ प्रतिशतले नेपाली भाषा प्रयोग गर्छन् भन्ने मत जहेर गरेका छन् भने ६ प्रतिशतले कुनै पनि जवाफ दिएका छैनन् आमाबुबाले छोराछोरीसँग कुराकानी गर्दा आफ्नो मातृभाषामाबोलेनन् भने भाषा स्थानान्तरणमा स्वतः अवरोध आउँछ । यसले अन्तरवंशीय प्रसारणमा बढी खतरा सिर्जना हुने देखिन्छ तर यस तथ्याङ्कले राजवंशी भाषाको अन्तरपुस्तान्तरणमा खासै समस्या नआएको कुरा देखाएको छ ।

**(ख) भाषिक बफादारी**

नेपाल एउटा बहुभाषिक मुलुक हो तर यहाँ सबै भाषाको अवस्था एकनासको छैन । बहुभाषिक समुदायमा कुनै भाषाको प्रभाव बढी र कुनै भाषाको प्रभाव कमी भएको देखिन्छ। कुनै भाषाको सम्प्रेषण सामर्थ्य र सामाजिक प्रतिष्ठा उच्च हुन्छ जस्तो कि नेपालका सन्दर्भमा नेपाली भाषा उच्च भाषिक सम्प्रेषणको सामर्थ्यता भएको भाषाका रूपमा मान्न सकिन्छ। 'नेपाली भाषा सरकारी कामकाजको भाषा' भनी (नेपालको आन्तरिम संबिधानले) मान्यता दिनुले पनि यसको बाहुल्यता अधिक रहेको पाइन्छ। यस्तो अवस्थामा मातृभाषी वक्ताले आफ्नो भाषालाई प्रयोगमा ल्याउनु र बचाउनु पहिलो कर्तव्य हुन आउँछ। यसरी आफ्नो मातृभाषाप्रति सकारात्मक धारणा राखी त्यसलाई प्रयोगव्यवहारमा ल्याउनुलाई भाषिक बफादारी भनिन्छ । "आफ्नो मातृभाषाप्रतिको निष्ठा, भक्ति वा इमानदारीतालाई भाषिक बफादारी भनिन्छ" (थापा, २०६९, पृ. १३) । यसले भाषा अवलम्बनमा सहयोग पुऱ्याउनुका साथै शक्तिशाली भाषाको प्रभावबाट मातृभाषालाई अपक्षय हुन दिँदैन । मातृभाषी वक्ताहरूले आफ्नो मातृभाषाप्रतिको बफादारी कायमा राख्न सकेनन् भने भाषान्तरण हुँदै जाँदा अन्तमा भाषा लोप वा मृत्यु नै पनि हुन सक्छ (राई, २०७७, पृ. २०६) ।यहाँ यस गाउँका सबै युवायुवतीहरूले पनि राजवंशी भाषा नै बोल्छन् त ? भनी सोधिएको प्रश्नको उत्तरको नतिजा निम्नानुसार प्राप्त भएको छ :

तालिका ३. *राजवंशी समुदायमा भाषिक बफादारीताको स्थिति*

| नमुना सङ्ख्या | सबैले बोल्छन् | | थोरैले बोल्छन् | | धेरैले बोल्छन् | |
|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १७ | ३४% | १८ | ३६% | १५ | ३०% |
| जम्मा | १७ | ३४% | १८ | ३६% | १५ | ३०% |

स्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिकामा राजवंशी समुदायको भाषिक बफादारीताको स्थितिलाई प्रस्तुत गरिएको छ । गाउँका सबै युवायुवतीले राजवंशी भाषा नै बोल्छन्त ? भनी सोधिएको प्रश्नमा सबैले बोल्छन्मा ३४ प्रतिशतले, थोरैले बोल्छन् मा ३६ प्रतिशतले र धेरैले बोल्छन् मा ३० प्रतिशतले आफ्नामत व्यक्त गरेका छन् । यसरी हेर्दा राजवंशी समुदायका युवायुवतीहरूमा ३४ प्रतिशतले सबैले बोल्छन् भन्ने र ३० प्रतिशतले धेरैले बोल्छन् भन्ने उत्तर दिएको हुँदा यी दुई विकल्पलाई भाषिक बफादारीताको सकारात्मक पक्ष मान्न सकिन्छ भने थोरैले मात्र बोल्छन् मा ३६ प्रतिशतको उत्तर आउनुले भने नकारात्मक पक्षलाई संकेत गरेको पाइन्छ। त्यसै गरी राजवंशी भाषा बोल्न जान्ने कुनै व्यक्तिले अहिले बोल्न छाडेको पनि छ कि ? भन्ने प्रश्नको उत्तरमा भने अधिकांश उत्तरदाताले 'छैन' भन्ने विकल्पलाई रोजेका छन्। यसरी हेर्दा राजवंशी वक्ताहरूको भाषिक बफादारीता रहेको देखिन्छ ।

### (ग) वैवाहिक संस्कारका दृष्टिले भाषिक जीवन्तता

विवाह परापूर्वकालदेखि नै प्रचलित संस्कार हो । विवाहले हरेक जातिको सामाजिक, धार्मिक र सांस्कृतिक पक्षलाई बहन गरेको हुन्छ। विवाह मूलतः सन्तान उत्पादन गरी धार्मिक अनुष्ठान र वंश पर म्परा निरन्तरतासँग सम्बद्ध सामाजिक संस्कार हो । ऋगवेदमा विवाहको उद्देश्य गृहस्थी भई देवताका लागि यज्ञ गर्नु र सन्तानोत्पत्ति गर्नु हो भनी उल्लेख गरिएको छ। त्यसैगरी मनुले विवाहको उद्देश्य धर्म, सम्पत्ति, प्रजा (सन्तान) र रती बताएका छन् (श्रेष्ठ, २०६६, पृ. १३०) । हरेक समाजको विवाह पद्धतिले जातीय पहिचानलाई प्रतिबिम्बन गर्दछ। विवाहको माध्यमबाट जातीय र क्षेत्रीय तहमा रहेको संस्कृतिको स्थानान्तरण हुन्छ। समाज भाषा वैज्ञानिक दृष्टिबाट पनि विवाहलाई भाषिक स्थिरता वा लोपका साधनका रूपमा अध्ययन गरिएको पाइन्छ। यसकारण सबै जातिका मानिसहरूले स्वजातीय विवाहको स्थितिलाई अवलम्बन गर्दछन् (राई, २०७३, पृ. ७९)। यहाँ तपाईं आफ्नाछोराछोरीहरूले राजवंशी भाषामात्र बोल्नेसँग विवाह गरोस् भन्ने चाहनुहुन्छ ? भन्ने प्रश्नमा उत्तरदाताको मत निम्नानुसार तालिकामा प्रस्तुत गरिन्छ :

तालिका ४. *राजवंशी समुदायमा स्वजातीय विवाहको भाषिक महत्त्व*

| नमुना सङ्ख्या | चाहन्छु | | चाहन्न | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २७ | ५४% | १५ | ३०% |
| जम्मा | २७ | ५४% | १५ | ३०% |

स्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिकामा नमुना छनोटमा परेका उत्तरदाताहरू मध्ये ५४% ले स्वजातीय विवाहलाई स्वीकार गरेका छन् भने ३०% ले अर्न्तजातीय विवाहलाई स्वीकार गरेका छन्। बाँकी १५% ले कुनै पनि जबाफ नदिएको पाइयो । यदि चाहनुहुन्छ भने किन ? भनी पुनः प्रश्न गरिएको थियो । उक्त प्रश्नको जवाफमा धेरैजसो उत्तरदाताले आफ्नो मातृभाषा, संस्कार र संस्कृति बाचाइराख्नको लागि भन्ने जबाफ दिएका छन् ।

## २. राजवंशीभाषी समुदायमाभाषा प्रयोग र अभिवृत्ति

(लि, सन् २००५) का अनुसार भाषा प्रयोगले मूलतः प्रयोग क्षेत्रहरूका सन्दर्भलाई जनाउँछ । समुदायमा भाषा प्रयोगका क्षेत्रहरूमा घरव्यवहार, शिक्षा, धर्म, संस्कृति, सङ्घ/संस्था, कार्यालय, व्यापार व्यवसाय, सूचना तथा सञ्चार, विज्ञान प्रविधि आदि पर्दछन्। वक्ताले प्रायः खास सन्दर्भका लागि उपयुक्त क्षेत्र छनोट गरी भाषा प्रयोग गर्दछ । यस्ता क्षेत्रहरू व्यावहारिकएवम् प्रयोजनपरक दुवै हुन सक्छन् । प्रयोजनपरकता अन्तर्गतविज्ञान प्रविधि, शिक्षा, सञ्चार, राजनीति, व्यवसाय र सरकारी कार्यालयहरू पर्दछन् भने व्यावहारिकक्षेत्र अन्तर्गत घरपरिवार, आफ्ना आफन्त, साथीसङ्गी, घरव्यवहार, मेलापात,

सामाजिक सम्पर्क, धार्मिक अनुष्ठाका सन्दर्भ अनुसार प्रयोग गरिने भाषा पर्दछ। भाषा प्रयोगलाई राज्यको भाषिक नीतिले विस्तार गर्न र खुम्च्याउन सक्छ (राई, २०७७, पृ. २५१) ।

भाषिक अभिवृत्ति भनेको कुनै पनि भाषिक समुदायका वक्ताहरूले आफूले प्रयोग गर्ने भाषाहरूको मूल्याङ्कन गरी अपनत्त्व घोषणा गर्ने प्रक्रिया हो । यसले वक्ताहरूबाट भाषाको अस्तित्त्वलाई स्वीकार गर्ने वा नगर्ने प्रक्रियालाई सङ्केत गर्छ । कुनै पनि समुदायका वक्ताहरूले आफ्नो समुदायका जीवित भाषाहरू मध्येबाट आफ्नो वैयक्तिक वा सामाजिक प्रयोजनका लागि भाषा चयन गर्ने कार्य अभिवृत्ति हो । यसले भाषालाई जीवन्तता प्रदान गर्दछ भने त्यस चयनीय भाषाबाट उनीहरूले आफ्नो जातीय पहिचान बचाउन सक्छन् (राई, २०६३, पृ. १६८) ।

### २.१. भाषिक अभिवृत्ति मूल्याङ्कनका आधारहरू

### (क) भाषा प्रयोगप्रतिको अभिवृत्ति

भाषा प्रयोगमा सामान्यतः त्यो भाषामा के छ ? त्यस भाषाले के गर्न सक्छ ? भन्ने प्रश्नको सटिक जवाफ खोजिन्छ। राष्ट्रिय रूपमा प्रतिष्ठायुक्त भाषालाई उच्च सामर्थ्य भएको भाषा मानिन्छ। यस भाषामा समृद्धशाली एवम् प्रतिष्ठायुक्त जीवनको प्रत्याभूति हुन सक्छ। स्थानीय स्तरमा बोलिने भाषामा यो सामर्थ्य र क्षमता रहँदैन । प्रभूत्त्वशाली भाषामा इज्जतदार, सर्वस्वीकार्य सामाजिक मर्यादाका साथै आर्थिक प्रतिष्ठा प्राप्त गर्न सकिन्छ । यस भाषाबाट शिक्षा र व्यापारको उच्च स्थान पनि प्राप्त हुन्छ । नेपालका सन्दर्भमा यस किसिमको सामर्थ्य भएको भाषा नेपाली भाषा हो । यस किसिमको भाषाको भविष्यसम्म निरन्तर प्रयोगमा आउने सम्भावना बढी रहन्छ। यो नेपालको राष्ट्रिय एकता सिर्जनामा मुख्य भूमिका निर्वाह गर्ने भाषा पनि हो (राई, २०७७, पृ. २२५) ।

राजवंशी समुदायमा पाका र वृद्धा पुस्ताहरूले विशुद्ध राजवंशी भाषा प्रयोग गरेता पनि आजका बालबालिकाहरू वा युवा पुस्ता शिक्षा, रोजगार अदि विविध कारणवस नेपाली भाषालाई नै प्रयोग गर्ने भएकाले उनीहरू बौद्धिक क्षमता, सामाजिक प्रतिष्ठा र सामाजिक सम्प्रेषणका लागि नेपाली भाषालाई सकारात्मक रूपमा स्वीकार गर्ने गर्दछन्। उनीहरूको नेपाली भाषाप्रति नकारात्मक अभिवृत्ति भने पाइँदैन तर पनि राजवंशीहरूले आफ्नो भाषालाई जातीय पहिचानको रूपमा लिन्छन्। भाषा रहेन भने संस्कार र संस्कृतिको पनि अन्त्य हुने भएकाले हामीले आफ्नो भाषाको संरक्षण गर्नुपर्छ भन्ने कुराको सचेतना भने उनीहरूमा रहेको पाइन्छ । राजवंशी समुदायको भाषिक अभिवृत्तिको अवधारणा कस्तो रहेको छ भन्ने कुरा बुझ्नको लागि तपाईंको परिवार वा गाउँका पनाति वा पनातिनीहरूले आफ्नो राजवंशी भाषा बोल्छन् ? भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको जबाफलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

तलिका ५. *मातृभाषा प्रयोग प्रति अभिभावकको धारणा*

| नमुना सङ्ख्या | बोल्छन् | | बोल्दैनन् | | अलिअलि बोल्छन् | | थाहा छैन | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३१ | ८२% | १ | २% | ५ | १०% | ३ | ६% |
| जम्मा | ३१ | ८२% | १ | २% | ५ | १०% | ३ | ६% |

स्रोत : स्थलगत सर्वेक्षण २०७७

माथिको तालिकामा भाषाप्रयोगप्रति राजवंशी समुदायका अभिभावकहरूको भाषिक प्रतिक्रियाको बारेमा प्रकाश पारिएको छ। राजवंशी समुदायका अभिभावकहरूले आफ्नो परिवार वा गाउँका पनाति वा पनातिनीहरूले आफ्नो भाषा बोल्छन् भनी ३१ जना यानेकी ८२% ले, बोल्दैनन् भन्ने जवाफमा १ जना वा २% ले, अलिअलि बोल्छन्मा ५ जना वा १०% ले र ३ जना वा ६ % ले थाहा छैन भन्ने उत्तर दिएका छन् । उनीहरूको उच्च अभिमतले मातृभाषाप्रतिको अभिवृत्ति सकारात्मक देखिन्छ ।

त्यसैगरी राजवंशीभाषी समुदायमा खास गरी भावीपुस्ताहरूले बोल्ने भाषासम्बन्धी जानकारी लिनको लागि तपाईंको समुदायको पनाति पनातिनीहरूले आफ्नो भाषा बोले भने कस्तो लाग्छ ? भनी प्रश्न गरिएकोमा अधिकांश सहभागीहरूले राम्रो लाग्छ भन्ने जवाफ दिएका छन् भने २४% ले ठिकै लाग्ने र २% ले मात्र नराम्रो लाग्ने अभिव्यक्ति दिएका छन् भने बाँकी २२% ले कुनै पनि प्रतिक्रिया दिएका छैनन् । त्यस्तै तपाईंको समुदायको पनाति पनातिनीहरूले आफ्नो भाषा बोलेनन् भने कस्तो लाग्छ ? भनी पुनः प्रश्न गरिएकोमा ५२% ले नराम्रो लाग्ने, १६% ले ठिकै लाग्ने र १०% ले राम्रो लाग्ने कुरा बताएका छन् ।यस अभिमतले पनि मातृभाषाप्रतिको अभिवृत्ति सकारात्मक देखाउँछ ।

**(ख) भाषिक पुस्तानान्तरणप्रति वक्ताहरूको अभिवृत्ति**

भाषिकपुस्तान्तरण भनेको एक पुस्ताबाट अर्को पुस्तामा भाषा प्रसारको अवस्था हो । राजवंशी भाषी समुदायमा भाषा पुस्तान्तरणको अवस्था कस्तो छ ? र भविष्यमा कुन भाषाले प्रश्रय पाउला भनी लेखाजोखा गर्न तपाईंको नातिनातिनीले राजवंशी भाषा बोल्लान् कि नबोल्लान् ? भन्ने प्रश्न गरिएको थियो । यस प्रश्नको अभिभावकको अभिमतलाई निम्नानुसारको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका ६. *मातृभाषा अन्तरपुस्तान्नरण प्रति अभिभावकको अभिवृत्ति*

| नमुना सङ्ख्या | बोल्लान् | | नबोल्लान् | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३५ | ७०% | ५ | १०% |
| जम्मा | ३५ | ७०% | ५ | १०% |

स्रोत : स्थलगत सर्वेक्षण २०७७

प्रस्तुत तालिकामा तपाईंको नातिनातिनीहरूले राजवंशी भाषा बोल्लान् कि नबोल्लान् ? भन्ने प्रश्नको जवाफमा ७० % ले बोल्लान् भन्ने जबाफ दिएका छन् भने १०% ले नबोल्लान् भन्ने जबाफ दिएका छन् र बाँकी २०% ले केही पनि जबाफ दिएका छैनन् । त्यसैगरी यदि बोल्लान् जस्तो लाग्छ भने तपाईंलाई कस्तो लाग्छ ? भनी पुनः प्रश्न गरिएको थियो । उक्त प्रश्नको जबाफमा ५० जना वक्तामध्ये १३ जनाले नराम्रो लाग्ने, ९ जानले राम्रो लाग्ने, १ जनाले ठिकै लाग्ने र अर्को एक जनाले थाहा छैन भन्ने जवाफ दिएका छन् भने बाँकी रहेका २६ जनाले केही पनि जबाफ दिएका छैनन् । सम्पूर्ण नातिजालाई आधार मानेर हेर्दा राजवंशी भाषा अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा हुने प्रसारणमा खासै अवरोध पैदा भएको छैन भन्ने देखिन्छ । यसको अर्थ नयाँ पुस्ताका वक्तालाई पुराना पुस्ताका वक्ताहरूले बोल्न सिकाउन छाडेका छैनन् ।

## निष्कर्ष

नेपाल एउटा बुहुभाषिक मुलुक हो । नेपालमा बोलिने १२३ भाषा मध्ये भारोपेली भाषापरिवार अन्तर्गत पर्ने १,१५,२४२ जनसङ्ख्या भएको नेपालको पूर्वी क्षेत्र प्रदेश नं. १ मा पर्ने झापा, मोरङ तथा सुनसरी जिल्लामा अधिक मात्रामा बसोबास गर्ने राजवंशी जातिले बोल्ने भाषा नै राजवंशी भाषा हो ।

'राजवंशीहरूको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्तिको विश्लेषण' शीर्षकको प्रस्तुत अध्ययनमा राजवंशी भाषाको भाषिक जीवन्तता र भाषिक अभिवृत्तिको मूल्याङ्कन गरिएको छ। संवत सुरु हुनु भन्दा १००० वर्ष अगाडि आफ्नो जातीय अस्तित्व कायम गरेका राजवंशी जातिहरू प्राचीनकालदेखि नै नेपालका विभिन्न स्थानमा बसोबास गर्दै आएका छन् । उनीहरूको आफ्नो छुट्टै संस्कार, संस्कृति र रहनसहन रही आएको छ। उनीहरू आफूलाई आदिवासी भन्न रूचाउँछन्। यिनैराजवंशी जातिको आफ्नो भाषाप्रतिको भाषिक अभिवृत्ति के कस्तो रहेको छ भन्ने कुराको जानकारी हाँसिल गर्नका लागि समाजभाषा वैज्ञानिक सिद्धान्तको अभिवृत्तिपरक अध्ययनका आधारमा केन्द्रित रही आफू स्वयम् अध्ययन क्षेत्रमा गई प्रश्नावली भराएर, सम्बन्धित भाषिक वक्तासँग प्रत्यक्ष कुराकानी र छलफल गरेर प्राथमिक तथा द्वितीयक दुवै स्रोतबाट तथ्याङ्क सङ्कलन गरी मिश्रित (गुणात्मक तथा परिमाणात्मक) ढाँचामा तयार पारिएको छ ।

राजवंशी समुदायमा भाषिक जीवन्तता, भाषा प्रयोग र अभिवृत्तिको अवस्थाको खोजीगर्न अन्तर्वार्ता वा प्रश्नावलीमा सोधिएका मुख्य मुद्दा वा थिम बनाई तिनको व्याख्या विश्लेषण र तालिकाका माध्यमद्वारा नातिजालाई प्रस्तुत गरिएको छ । प्रस्तुत तथ्याङ्कका आधारमा यो निष्कर्षमा पुगिन्छ कि राजवंशीभाषी समुदायमा वृद्धापुस्ताहरू आफ्ना युवा पुस्ता वा भावी पुस्तामा भाषास्तानान्तरण गर्नको लागि सक्षम रहेका छन् ।

## सन्दर्भसामग्री सूची


अधिकारी, हेमाङ्गराज (२०५६), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७४), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* छैटौं संस्करण, काठमाडौं : रत्न पुस्तक भण्डार ।

इङ्ग्राम डेभिड, (सन् १९११), *फस्ट ल्याङ्ग्वेज एक्विजिसन,* न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

उपाध्याय, राधाबल्लब (२०४३), *सामाजिक भाषाविज्ञान,* पोखरा : अम्बिका सापकोटा ।

उपाध्याय, द्रोणकुमार (२०५५), *राजवंशी परिचय,*झापा : राजवंशी भाषा प्रचार समिति, केन्द्रीय कार्यालय, भद्रपुर ।

एलिनस जे. एलिअट, (सन् १९१२), *चाइल्ड ल्याङ्ग्वेज,* न्युयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

एलेन ज.पि.बि. र यस पिट कर्डर (सं.), *पेपर्स इन अप्लाइड लिङ्ग्विस्टिक्स,* न्युयोर्क : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

खत्री,प्रेम (सम्पा), *नेपालका जातीय संस्कार खण्ड एक,* (पृ.२८३-३१२), काठमाडौं :प्रज्ञाप्रतिष्ठान, कमलादी ।

गिरी, जिवेन्द्र देव (२०६९), *भाषा र नेपाली भाषा,* काठमाडौंः पाठ्यसामग्री केन्द्र, जामे मार्केट घण्टाघर ।

ढकाल, शान्तिप्रसाद (२०७०), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : शुभकामना प्रकाशन, ताहाचल ।

थापा,दिनबहादुर (२०६९), *समाजभाषाविज्ञान,* काठमाडौं : पुस्तक घर प्रा.लि.।

न्यौपाने, टंकप्रसाद, भण्डारी पारसमणि र अन्य (२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौं : सनलाइट पब्लिकेसन, कीर्तिपुर ।

पोखरेल, शैलाजा (२०६९), *नेपाली भाषाको समाजभाषावैज्ञानिक अध्ययन,* विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

पोखरेल, केशवराज र काफ्ले उमेश (२०७४), *नेपालीभाषाशिक्षण,* काठमाडौं : एस बुक्स पब्लिकेसन प्रा.लि. ।

भण्डारी, पारसमणि र पौड्याल सालिकराम (२०६७), *सामाजिक भाषाविज्ञान,* दो. सं काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

भाषा आयोग नेपाल (२०७५), *राजवंशी भाषाको इतिहास,* काठमाडौं : स्वयम् ।

राजवंशी, भूमिलाल (२०५९), *राजवंशी जातिका पूजापर्वहरू,* नियात्रा प्रकाशन तथा साहित्य प्रतिभा प्रतिष्ठान, हल्दिबारी ।

राई, कैलाशकुमार (२०७३), *नेपालीभाषी चाम्लिङ समुदायको भाषिक अभिवृत्ति,* विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, कीर्तिपुर ।

राजवंशी, पानीलाल (२०७४), *कोच (राजवंशी) को छोटो ऐतिहासिक परिचय,* झापा : बगडुम्का प्रकाशन, विर्तामोड ।

राई, कैलाशकुमार (२०७६), *नेपालीभाषी चाम्लिङ समुदायको भाषिक अभिवृत्ति,* ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, सानेपा ।

## लेखक

**पुष्पादेवी भण्डारी** सहिद रामनाथ दाहाल स्मृति एकेडेमीको क्याम्पस प्रमुखको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट शिक्षाशास्त्र संकाय अन्तर्गत वि.सं. २०६९ मा स्नातकोत्तर गर्नु भएको छ । हाल त्रिभुवन विश्वविद्यालयबाटै शिक्षाशास्त्र संकाय अन्तर्गत नेपाली शिक्षा विषयमा विद्यावारिधि अध्ययनमा संलग्न हुनुहुन्छ । उहाँ विगत १०/१२ वर्षदेखि शिक्षण पेसामा आवद्ध भएकाले अध्ययन अध्यापनमै विशेष रूचि रहेको छ ।